Vol. 9, No. 2, 2023 (December) 74–80
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# नयाँ इतिहासको प्रारम्भ कथामा समाख्यानात्मक कथनीयता

**रेखा रेग्मी(१)बेनुबहादुर कार्की(२)**
नेपाली, म्याग्दी बहुमुखी क्याम्पस, बेनी/भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

Email: rekharpoudel@gmail.com

## लेखसार

प्रस्तुत लेख कथाकार भवानी भिक्षुको नयाँ इतिहासको प्रारम्भ कथा समाख्यानात्मक कथनीयता सम्बद्ध रहेको छ । मनोवैज्ञानिक यथार्थवादलाई कथालेखनको रुचिक्षेत्र बनाएका यिनका कथामा तराईको जनवीवन र जनजीविकाले स्थान पाएका छन् । प्रस्तुत नयाँ इतिहासको प्रारम्भ कथा २००७ सालको राजनीतिक क्रान्ति र प्रतिक्रान्तिले नेपाली समाजलाई पारेको प्रभाव र असरलाई विषयका रूपमा चयन गरी लेखिएको कथा हो । आख्यानशास्त्रीय सैद्धान्तिक मानकका आधारमा भिक्षुका कथाको अध्ययन र अनुसन्धान भए पनि समाख्यानशास्त्रीय सिद्धान्त र यस सिद्धान्तका मानकका आधारमा कथाको अनुसन्धानमा रिक्तता रहेको छ । नयाँ इतिहासको प्रारम्भ कथामा समाख्यानात्मक कथनीयता मूल समस्याको निराकरणका लागि सैद्धान्तिक विधान अनुरूप मानवीय अनुभव र अनुभूतिको गहिराई, प्रस्तुतीकरणको प्रभावकारिता तथा सामाजिक/सांस्कृतिक पक्षका आधारमा विवेचना गरिएको छ । सामग्री विश्लेषणका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । सैद्धान्तिक पर्याधारका रूपमा समाख्यानात्मक कथनीयतालाई आधार बनाइएको छ । आख्यानात्मक पाठमा समाख्याताले कथ्यविषयलाई प्रस्तुतीकरण गर्ने ढाँचाअन्तर्गत सामाजिक/सांस्कृतिक रूपमा स्थापित रहेका लोकविश्वास, लोकविश्वाससम्बद्ध मानवीय अनुभव, सामाजिक ज्ञानका विषयलाई परिभाषित गर्ने समुदायको अनुभूतिजस्ता विषयलाई आधार मानी आख्यानको विश्लेषण गर्ने अवधारणा नै कथनीयता हो । प्रस्तुत कथामा समाख्याताले समाज परिवर्तन र सामाजिक रूपान्तरणका लागि सञ्चालित अभियानको उत्कर्ष रूप रहेको क्रान्ति सफलतापछिको अँध्यारो पक्षलाई कथ्यविषयका रूपमा चयन गरेको छ । क्रान्तिको सफलतासँगै सत्तासीन बनेका क्रान्तिकारीले राजनीतिक तरलतामा रहेका सामाजिक विश्वास र क्रान्तिप्रतिको आम नागरिकको उत्साहलाई प्रतिक्रान्तिले निराशामा परिणत गरेको विषय प्रमुख कथनीय सन्दर्भका रूपमा आएको छ । तृतीयपुरुष समाख्याताले प्रस्तुत गरेको कथ्यकथनमा क्रान्तिको सफलताको उन्मादपूर्ण विषयलाई बढाइचढाई व्याख्या गरेर नथाक्ने इतिहासलेखन अधुरो रहेकाले इतिहासको पूर्णताका लागि अवसर पाएकाहरूसँगै गुमाएकाहरूको पनि इतिहास लेखिनुपर्ने आवाज उठाएको छ । समाख्याताले स्थितिवर्णनपरक प्रस्तुतिका माध्यमबाट कथ्यविषयलाई वर्णनात्मक ढाँचामा विषयलाई पूर्णता दिएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:**
समाख्याता, समाख्यानात्मक, अनुभूति, सामाजिक, सांस्कृतिक, लोकविश्वास

**Article information**
Manuscript received: June 3, 2023; Accepted: November 15, 2023
DOI https://doi.org/10.3126/jki.v9i2.53522
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख कथाकारकार भवानी भिक्षु (१९७१–२०३८)का कथाको समाख्यानात्मक कथनीयता अध्ययन मूल समस्यामा केन्द्रित रहेको छ । नेपाली आख्यान परम्पराको पूर्वाद्र्धमा स्थापित बनेको दोस्रो मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिलाई आत्मसात गरी विषयलाई मनोवैज्ञानिक रूपमा आख्यानीकरण गर्ने भिक्षुका कथामा मानवमनोविज्ञानका विभिन्न तह र तिनको संरचना प्रभावकारी रूपमा चित्रण भएका छन् । कथाकारका रूपमा १९९५ सालमा मानव कथा प्रकाशित गरी यात्रारम्भ गरेका भिक्षुका गुनकेशरी (२०१७), मैयाँसाहेब (२०१७), आवर्त (२०२४) र अवान्तर (२०३४) पुस्तकाकार कथासङ्ग्रह प्रकाशित रहेका छन् । चरित्रकेन्द्री कथा लेख्ने भिक्षुको प्रस्तुत कथामा प्रथम र तृतीयपुरुष समाख्याताले कथ्यकथनका क्रममा प्रस्तुत गरेका घटना, कार्य, स्थिति, विचारधारा, दृष्टिकोण र भावगत कथनीयता मुखरित भएका छन् । भिक्षुका कथाको

अध्ययन उनको जीवनी, व्यक्तित्व, कृतित्वपरक अध्ययनका अतिरिक्त विश्वविद्यालय, प्रज्ञाप्रतिष्ठान जस्ता संस्थाले सञ्चालन गरेका संस्थागत प्राज्ञिक अनुसन्धान र स्वतन्त्र अध्ययनका क्रममा पर्याप्त मात्रामा भएका छन् । भिक्षुका कृतिका बारेमा भएका अध्ययन विशेषतः विधासैद्धान्तिक, प्रवृत्तिपरक, सांस्कृतिक र मूल्यनिर्णयात्मक रूपमा भएका छन् भने आख्यानशास्त्रीय विधासैद्धान्तिक पर्याधारका आधारमा यिनको कथाको अध्ययन पर्याप्त मात्रामा भएको छ । भिक्षुको प्रस्तुत कथाका विषयमा भएका प्रतिनिधि पूर्वकार्यका आधारमा अध्ययनको रिक्तता पहिचान गर्नु उपयुक्त ठहर्दछ ।

ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे (२०६१) ले नवयौवना नारी मानसिकतामा स्वतन्त्रता प्राप्तिका लागि परेको छाप र क्रान्तिप्रति समर्पित हुँदा सामना गर्नुपरेको वैधव्य जीवनको सन्त्रासपूर्ण स्थितिलाई वर्णन गरिएको वर्णनात्मक कथाका रूपमा विवेचना गरेका छन् । पाठ्यक्रम प्रयोजनको परिपूर्तिका लागि सम्पादन गरिएको प्रस्तुत अध्ययनमा कथाको वर्णनात्मक शैलीको विषय प्रस्तुत भएको छ । यस अध्ययनका आधारमा कथाको संरचना स्थितिवर्णनपरक रहेको विषयको सङ्केत पाउन सकिन्छ । यस अध्ययनका आधारमा प्रस्तुत कथाको कथनीयताका आधारमा अध्ययनका लागि स्थान रिक्त रहेको छ । कमला ज्ञवाली (२०६१) ले क्रान्ति र परिवर्तनका लागि समर्पित नागरिकले क्रान्तिका नाममा गुमाएको यथार्थलाई कथ्यविषयका रूपमा उठान गरेको कथाका रूपमा चर्चा गरेकी छन् । ज्ञवालीको यस अध्ययनमा नेपाली राजनीतिक इतिहासमा सफल मानिएको क्रान्ति र प्रजातन्त्रको स्थापनापछि न्याय नपाएका पीडितहरूको अवस्थालाई चर्चा गरेको छ । कथामा विद्यमान भावको सङ्क्षेपीकरण गरिएको यस अध्ययनमा आख्यानशास्त्रीय मानकको प्रयोग भएको छ । कथाको भावसन्दर्भलाई केन्द्रमा राखी गरिएको यस अध्ययनका आधारमा कथनीयताका लागि स्थान रिक्त रहेको छ । हरिप्रसाद शर्मा (२०६७) ले सङ्क्रमणकालीन नेपाली राजनीतिक परिवेशमा भएका अराजनीतिक क्रियाकलापले आहत बनेका नागरिकको योगदानलाई बिर्सिएको इतिहास लेखनप्रति असन्तुष्टि व्यक्त गरिएको कथाका रूपमा चित्रण गरेका छन् । शर्माको अध्ययनमा कथाको आख्यानशास्त्रीय अध्ययन अन्तर्गतको विचारपक्ष केन्द्रीय तत्वका रूपमा आएको छ । आख्यानशास्त्रीय दृष्टिले सशक्त पूर्वकार्य मान्न सकिने यस अध्ययनले कथनीयताको अध्ययनका लागि रिक्तस्थान स्थापित गरेको छ । प्रस्तुत कथाका विषयमा विवेचना गरेका कुमारप्रसाद कोइराला (२०६७)ले क्रान्ति र परिवर्तनले सम्बोधन गर्न नसकेका गुमाउनेहरूको वास्तविकतालाई कथ्यरूप प्रदान गरिएको घटनाप्रधान कथाका रूपमा विश्लेषण गरेका छन् । कथाको संरचनागत पक्षलाई यस अध्ययनले वर्णनको विषय चयन गरेको छ । कथाको संरचनागत वर्गीकरणसँग सम्बन्धित यस अध्ययनका आधारमा कथनीयता विश्लेषणका लागि रिक्त स्थान रहेको छ । भिक्षुका कथामा सांस्कृतिक प्रभुत्वको अध्ययन गरेका राजु भूसाल (२०७७) ले नेपाली समाजको विभेदकारी इतिहास लेखनको विवादास्पद प्रतिच्छायाका आधारमा नेपाली सामाजिक संरचना भएको कथाका रूपमा प्रस्तुत कथाको वर्णन गरेका छन् । निश्चित विचारधारा केन्द्री यस अध्ययनमा विवेचनाको विषय सामाजिक संचना र यसभित्र रहेको विभेद रहेको छ । सांस्कृतिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण यस पूर्वकार्यका आधारमा प्रस्तुत अध्ययनको विषय रिक्त रहेको छ । भिक्षुको नयाँ इतिहासको प्रारम्भ कथाका विषयमा भएका उपर्युक्त अध्ययन समाख्यानशास्त्रीय अध्ययन गर्ने उद्देश्यले भएका हैनन् । उपर्युक्त अध्ययनमा कथाको आख्यानशास्त्रीय विवेचना भएका छन् । यी अध्ययनले समाख्यानशास्त्रीय अध्ययनको एउटा मानक कथनीयताका आधारमा अध्ययन गर्न सकिने रिक्तता स्थापित गरेको छ ।

समाख्यानशास्त्रीय सैद्धान्तिक पर्याधार तथा तिनका मानकका आधारमा यिनका कथाको अनुसन्धानमा रिक्तता रहेको छ । समाख्यानात्मक कथनीयता समाख्यानशास्त्र अन्तर्गत कृतिविश्लेषणको एउटा मानक रहेको छ । आख्यानात्मक पाठको विश्लेषण गर्ने यस प्रतिमानको सैद्धान्तिक अवधारणा निर्माणका लागि पोलोनी, ल्याबोव, ब्रुनर, हन जस्ता सिद्धान्तकारको योगदान रहेको छ । आख्यानात्मक पाठका समाख्याताले कथ्यविषयलाई कसरी प्रस्तुत गरेको छ ? प्रस्तुतीकरणका क्रममा सामाजिक र सांस्कृतिक रूपमा स्थापित रहेका लोकविश्वासलाई कसरी प्रस्तुत गरिएको छ ? भन्ने विषयको खोजी हो । आख्यानमा समाख्याताको कथनीयता लोकविश्वास सम्बद्ध मानवीय अनुभव, सामाजिक ज्ञानका विषयलाई परिभाषित गर्ने समुदायको अनुभूति जस्ता विषयमा आधारित रहेको हुन्छ । कथनीयताको खोजी उपर्युक्त तथ्यलाई आधारमानी आख्यानको विश्लेषण गर्ने अवधारणा नै यस सिद्धान्तको आधार रहेको छ । समाख्याताले कथ्यविषयलाई स्वकथनात्मक र परकथनात्मक ढाँचामा प्रस्तुत गर्ने कथनीयताको विषयअन्तर्गत स्वकथनात्मक कथनीयतामा कथ्यविषयको प्रस्तुति वर्णनात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत भएका हुन्छन् भने परकथनात्मक कथनीयता आख्यानमा संवादका माध्यमबाट प्रस्तुत भएका हुन्छन् । समाख्याताले प्रस्तुत गरेको स्वकथनात्मक कथनीयतामा अधिकतर घटना, सन्दर्भ र विषयको प्रस्तुति स्थितिवर्णनका माध्यमबाट आएका हुन्छन् । यस अध्ययनका लागि चयन गरिएको नयाँ इतिहासको प्रारम्भ कथाको कथ्यविषय स्थितिवर्णन केन्द्री कथनीयतामा आधारित रहेको छ । यस लेखको सैद्धान्तिक पर्याधार निर्माणका लागि समाख्यानात्मक कथनीयतासम्बद्ध सिद्धान्तको विवेचना भएका अनुसन्धानमूलक जर्नल, पुस्तक, साहित्यकोशमा प्रकाशित लेखको उपयोग गरिएको छ । पुस्तकाकार कृतिका रूपमा राफोल बालोनीको टेलाबिलिटी, मारिया–लाउरा रायनको पोसिबल वर्ड्स्, आर्टिफिसियल इन्टेलिजेन्स, एन्ड न्यारेटिभ थ्यौरी रायनकै, टेलाबिलिटी, विलियम ल्यावोवको ल्याङ्वेज इन द इनर सिटी, पिटर हुनको फङ्सन एन्ड फमस् अफ इभेन्टफुलनेस इन न्यारेटिभ फिक्सन, तथा जर्नलमा प्रकाशित जेरोम ब्रुनरको द न्यारेटिभ कन्सट्रक्सन अफ रियालिटी लिभिया पोलोनीको सो ह्वाटस् द प्वाइन्टस्जस्ता सैद्धान्तिक लेखलाई सिद्धान्त निर्माण गर्ने प्रयोजनका निम्ति उपयोग गरिएको छ । यी पूर्वाध्यायनका आधारमा यस लेखको सैद्धान्तिक पर्याधार र विश्लेषणविधि तयार गरिएको छ । तृतीयपुरुष समाख्याता रहेको प्रस्तुत कथामा समाख्यानात्मक कथनीयता सघन भएका उद्धरणका आधारमा विवेचना गरिएको छ । समाख्याताले कथ्यविषयलाई सामाजिक/सांस्कृतिक मूल्य, मान्यता र लोकविश्वासलाई मानवीय संवेदना, अनुभव र अनुभूतिको स्थितिसहित प्रभावकारी ढङ्गमा प्रस्तुत कथा समाख्यानशास्त्रीय प्रतिमान कथनीयताका आधारमा विश्लेषणीय सामग्री रहेको छ ।

नेपाली आख्यानको उन्नयनका लागि समर्पित भिक्षुका कथामा मनोवैज्ञानिक यथार्थवादको प्रभाव रहेको छ । तराईको जनजीवनमा बाँचेका पात्रको मानसिक संरचनालाई परिवेश अनुरूप प्रस्तुत गर्ने कथासिद्धि भएका भिक्षुका कथामध्ये प्रस्तुत कथा २००७ सालको राजनीतिक परिवर्तनका लागि भएको सशस्त्र सङ्घर्षपछि प्राप्त प्रजातन्त्रकालको राजनीतिक तरलतालाई कथ्यविषयका रूपमा चयन गरी रचना गरिएको कथा हो । कृतित्वका दृष्टिले विभिन्न खोज, अनुसन्धान, शोधपरक अध्ययन भएका भिक्षुका कथाको समाख्यानशास्त्रीय अध्ययन र अनुसन्धानमा रिक्तता रहेको छ । यस अध्ययनमा भिक्षुका कथाको समाख्यानशास्त्रीय अध्ययनको रिक्ततालाई परिपूर्ति गर्न नयाँ इतिहासको प्रारम्भ कथालाई आधार सामग्रीका रूपमा लिइएको छ । आख्यानमा समाख्यानात्मक कथनीयतालाई सैद्धान्तिक पर्याधारका रूपमा लिई उपर्युक्त कथाको समाख्यानात्मक कथनीयता मूल समस्यामा केन्द्रित रही यस अध्ययनलाई पूर्णता प्रदान गरिएको छ । प्रस्तुत लेखको पूर्णताका लागि निम्नलिखित शोध्य प्रश्न निर्धारण गरिएको छ । क. कथारचना सन्दर्भगत अनुभूतिको गहिराईको अवस्था के–कस्तो रहेको छ ? ख. कथामा प्रस्तुतीकरणको प्रभावकारिता कसरी प्रस्तुत भएको छ ? ग.कथामा सामाजिक/सांस्कृतिक सन्दर्भ किन प्रस्तुत भएको छ ? उपर्युक्त शोध्यप्रश्नमा केन्द्रित रही शोधप्रश्नको समाधान गर्नु यस लेखको उद्देश्य र सीमा रहेको छ ।

## शोधविधि

प्रस्तुत लेखको मुख्य समस्यासित सम्बन्धित सामग्रीको सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा भिक्षुका नयाँ इतिहासको प्रारम्भ कथा रहेका छन् भने द्वितीयक

सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीहरू, अनुसन्धानात्मक ग्रन्थ तथा भिक्षुका कथाका विषयमा गरिएका पूर्वअध्ययनसम्बद्ध समालोचनात्मक लेख, पुस्तक र शोधकार्य रहेका छन् । सामग्री विश्लेषणका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान र उपयोग गरिएको प्रस्तुत लेखमा समस्याको समाधानका लागि समाख्यानात्मक कथनीयता (त्भबिदष्तिथ) विषयक सैद्धान्तिक पक्षलाई विश्लेषणको आधार बनाइएको छ । यस लेखलाई निष्कर्षमा पुर्‍याउन प्रत्येक शोधप्रश्नका लागि आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक आधार

आख्यानात्मक पाठसंसारमा समाख्याताका माध्यमबाट कथ्य विषयसम्बद्ध भएर आएका चरित्र, तिनको परिचयात्मक वर्णन, कथ्य विषयको पृष्ठभूमि, पात्रहरूको कार्यव्यापार, पात्रका सोचाइ, पात्रका मानसिकतामा उठेका धारणा, तर्क, अन्तरद्वन्द्व, कथ्यघटनाले पारेको प्रभाव, असर, कारण तथा ती घटनाप्रतिको दृष्टिकोण प्रस्तुत भएको हुन्छ । कथनीयता कथ्य विषयलाई प्रत्यक्ष नियालेको समाख्याताले पाठसंसारमा रहेका घटना पात्रका मानसिक र भौतिक विषयसम्बद्ध अभिवृत्ति, स्थिति, तिनका विचार, धारणा, दृष्टिकोण प्रतिबिम्बन हुने मानवीय अनुभव र अनुभूतिको गहिराईलाई मूल विचारतत्त्वसँग जोडेर प्रस्तुत गर्ने कथनपद्धति वा प्रस्तुतीकरणको शैली रहेको छ । अन्तरअनुशासनात्मक विषयका रूपमा समाख्यानशास्त्रले अङ्गीकार गरेको कथनीयताको सिद्धान्तले आख्यानमा समाख्याताले प्रस्तुत गरेको मूलआशय वा सारतत्त्वमा अवशिष्ट ज्ञान वा समाख्याताले सन्देशका रूपमा प्रस्तुत गर्न खोजेको विचारको बीजलाई के–कस्तो अनुभूति, कस्तो सामाजिक/सांस्कृतिक र लोकविश्वासको अवधारणा निर्माण गर्दै कुन शैलीमा प्रस्तुत गरेको छ भन्ने विषयको सूक्ष्मतापूर्वक अध्ययन र विश्लेषण गर्दछ । आख्यानमा समाख्याताले अनुभूतिको अन्तरतहको गहिराइसम्म प्रस्तुत गरेको तथा उक्त गहिराइमा रहेको सार वा सम्प्रेषणको तहमा आधारमा कथनीयताको खोजी गरिन्छ ।

समाख्याताले कथ्य विषयलाई समाजिक र सांस्कृतिक मूल्य–मान्यता, लोकविश्वास र व्यवहार अनुकुल सामान्यीकरण गरी प्रस्तुत गरेको हुन्छ । आख्यानमा समाख्याताको कथनीयताका बारेमा पोलनी (१९७७)लेख्छिन् - आख्यानमा प्रतिबिम्बन भएका घटनाले सामाजिक विश्वासमा केन्द्रित पाठकको रुचि सामाजिक, सांस्कृतिक र व्यक्तिगत रूपमा सञ्चरित भई समाख्यातासँग जोडिने तथा समाख्याता र पाठकको अवधारणा समानान्तर भई आउने विषय कथनीयतासँग जोडिने विषय रहेको छ । आख्यानमा समाख्याताले लोकविश्वास तथा सांस्कृतिक मान्यता विपरीत आएको कथनीयतामा सम्प्रेषणीय वैधता र विश्वसनीयता निष्प्रभावी रहने हुनाले लोकविश्वासका विपरीत आएका कथनीयताका ननटेलेबल प्रकृतिका हुने गर्दछन् । आख्यानमा कथनीयताका क्रममा समाख्याताले पाठात्मक संसारमा प्रस्तुत गरेका विषयको प्रकृति सामाजिक सांस्कृतिक मूल्य र लोकविश्वासलाई प्राथमिकतामा राखी ती विश्वासको विषयलाई पाठकीय मानसिकतासँग जोड्ने अधिकतम प्रयास गरेको हुन्छ ।

आख्यानमा अङ्गीकार गरिएका सांस्कृतिक विषयको प्रभावकारी प्रस्तुतीकरणले कथनीयतालाई विश्वसनीय तुल्याउने हुनाले समाख्याताले मानवीय संवेदनासँग जोडिएर आउने विषयका आधारमा अधिकतम सम्प्रेषणीय तुल्याउन पाठकको मानसिकतामा अवशिष्ट रहेको संज्ञानसापेक्ष सन्देश सम्प्रेषण गरेको हुन्छ । हन (२००८)ले आख्यानशास्त्रले अगाडि सारेको घटनाप्रधानताको विषयसँग कथनीयतालाई जोड्दै आख्यानमा कथनीयता सामाजिक विश्वास र संस्कृतिनिष्ठ रहने भएकाले समाख्याताले कथ्यकथनका क्रममा आएका सन्दर्भगत संवेदनशीलतालाई सामाजिक, सांस्कृतिक र ऐतिहासिक रूपमा स्थापित तत्कालीन र पूर्वमान्यताका आधारमा हेर्नुपर्ने तर्क प्रस्तुत गरेका छन् । कथ्य विषयको प्रस्तुतिका क्रममा आएका विषय वा सन्दर्भहरू सामाजिक र सांस्कृतिक मूल्य अनुकुल वा प्रतिकुल दुवै रूपमा आएका हुन्छन् । लोकविश्वास अनुकूल भएर आएका कथनीयतालाई पाठकले प्राकृत रूपमा ग्रहण र सामान्यीकरण गर्ने तथा लोकमान्यता प्रतिकूल भएर आएका विषय र सन्दर्भले पनि निश्चित सन्देश सम्प्रेषण गर्ने भएकाले त्यस्ता कथ्यको कथनीयता सन्देश सम्प्रेषणका दृष्टिले सामान्यस्तरको मानिन्छ ।

समाख्यानशास्त्रले समाख्याताको कथ्यकथनको ढाँचालाई समाख्यानात्मक कथनीयताको केन्द्रीय पक्ष मानेको छ ।कथ्य विषयकालाई समाख्याताले कसरी प्रस्तुत गर्दछ र उक्त विषयको आधार के–कस्ता विषयसँग सम्बन्धित रहन्छन् भन्ने विषयमा निर्भर रहने गर्दछ । कथनीयताअन्तर्गत समाख्याताले प्रस्तुत गर्ने विषय र त्यसको सैद्धान्तिक प्रकृतिका बारेमा प्रकाश पार्नेकार्य रायन (१९९१)ले गरेका छन् । उनका अनुसार आख्यानमा कथनीयताको स्थिति घटना, क्रिया र गत्यात्मकताको विशिष्टीकृत कार्यात्मक तहमा प्रतिफलित हुने विषय बताएका छन् ।आख्यानशास्त्रले विकसित गरेको समग्रतावादी दृष्टिकोणका रूपमा रहेको कथानक ढाँचाले आख्यानमा कथनीयताको तहलाई सम्बोधन गर्न नसक्ने आधारसहित समाख्यानशास्त्रीहरूले नवीन दृष्टिकोणका रूपमा कथनीयताका सैद्धान्तिक प्रस्थापन निर्माण गरेका हुन् । आख्यानशास्त्रले स्थापित गरेको आख्यानकारकेन्द्री रचना विधान र नियन्त्रणलाई प्रतिस्थापन गरी आख्यानमा प्रस्तुत भएका सबैप्रकारका कथनमा आख्यानकारको नभई समाख्याताले कथ्यकथनका सम्पूर्ण स्थितिलाई नियन्त्रण गरी समाख्याताको प्रस्तुतिका आधारमा कथनीयता निर्धारण हुने विषय स्थापित गरेका छन् । समाख्याताले प्रस्तुत गर्ने विषयलाई सपाख्याता र पाठकबीचको समान धारणामा आधारित भई कथ्यकथनको स्थिति खोज्नुपर्ने विषयमाथि ल्यावोव (१९७२)ले चर्चा गरेका छन् । उनका अनुसार समाख्यानात्मक कथनीयताको विषय आख्यानमा रहेका कथ्यकथनका विषयमा समाख्याता र पाठकबीच समान अवधारणाका आधारमा आख्यानको विश्लेषण गर्ने प्रतिमान रहेको धारणा प्रस्तुत गरेका छन् । कथनीयता समाख्याता र पाठकबीचको पारस्परिक सम्बन्धमा आधारित रहने विषय रहेको छ । यसले समाख्यानमा रहेका वा समावेश भएका विषयलाई पाठकको मानसिकतासँग जोडेर पाठात्मक संसारमा आएका सामाजिक सांस्कृतिक विश्वासलाई पाठकको सामाजिक सांस्कृतिक विश्वाससँग जोडेर पाठ संसारको विवेचना गर्दछ ।

आख्यानमा समाख्याताको शैलीविभिन्न प्रकारले आएका हुन्छन् । आफ्नो कथ्यकथनलाई विश्वसनीय तुल्याउनका लागि समाख्याताले विभिन्न प्रकारका शैलीलाई अन्तर्मिश्रण गरी प्रस्तुत गरेको हुन्छ । ब्रुनर (१९९१) समाख्यानात्मक कथनीयताका विषयमा चर्चा गर्दै लेख्छन्— समाख्याताले आख्यानको कथ्य विषयलाई वर्णन गर्ने विशिष्ट शैली कथनीयता हो , जसमा कथनको प्रक्रिया वर्णनात्मक, व्याख्यात्मक वा संवादात्मक/दृश्यात्मक हुने गर्दछन् । विशेष गरी कथनीयता समाख्यानात्मक सञ्चरणसँग जोडिएको विषय भएकाले प्रस्तुतीकरणको प्रभावकारिताका लागि विभिन्न प्रकारका शैली अवलम्बन गरिएको हुन्छ । आख्यानमा समाख्याताले विशेषतः स्थितिवर्णनको विषय वर्णनात्मक, व्याख्यात्मक र नाटकीय रूपमा प्रस्तुत भएका हुन्छन् । संवादात्मक कथन भएका आख्यानमा पात्रका माध्यमबाट विषयको सञ्चरण गरिए पनि त्यको कथनकर्ताका रूपमा पात्र नरही स्वयं समाख्याता नै रहेको हुन्छ । यसै आधारमा आख्यानमा कथनीयताको विषयलाई समाख्याताका आधारमा हेरिनु पर्दछ ।आख्यानमा समाख्यानात्मक कथनीयताको प्रस्तुति पाठककेन्द्री विषयका रूपमा विश्लेषणीय विषय रहेको छ । आख्यानात्मक पाठमा आएका कथ्यविषयलाई पाठकको मानसिक संरचना र लोकविश्वासका आधारमा कथनीयतालाई पहिचान गरिनु पर्दछ । रायन (२००५) ले समाख्याताले पाठात्मक संसारमा प्रस्तुत भएका घटना, घटना सृजना गर्ने अनुभूतिको गहिराई र कलात्मक सांस्कृतिक पक्षको चित्रणलाई आधार मानी समाख्यानात्मक कथनीयता आलङ्कारिक/वर्णनात्मक, दृश्यात्मक वा मिश्रित रूपमा प्रस्तुत गरिने कथनशैली रहेको अवधारणा प्रस्तुत गरेका छन् । पाठात्मक संसारमा रहेका विषयलाई पाठक र समाख्याताको अनुभूतिको तह, पाठात्मक संसारमा रहेका सामाजिक/सांस्कृतिक पक्षको उपस्थापन र प्रस्तुतीकरणको विषय जस्ता सूक्ष्म प्रतिमानका आधारमा विश्लेषण गरिनुपर्दछ । प्रथमपुरुष समाख्याता रहेको राइटर बाजे कथामा समाख्यानात्मक कथनीयता

अध्ययनीय सामग्रीका रूपमा रहेकाले समाख्याताले प्रस्तुत गरेको कथ्यकथनलाई उपर्युक्त सिद्धान्तका आधारमा निम्नानुसार विवेचना गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति र छलफल

प्रस्तुत कथा नेपाली सामाजिक सांस्कृतिक सन्दर्भमा २००७ सालको राजनीतिक परिवर्तनका लागि भएको सशस्त्र सङ्घर्ष र त्यसको सामाजिक/सांस्कृतिक प्रभावको अभ्यन्तरित पक्षलाई उद्घाटित गर्ने समयसम्बद्ध रहेको छ । निकटतम अन्तर्राष्ट्रिय परिवेशका रूपमा नेपालका दुई विशाल भौगोलिक क्षेत्र भएका छिमेकी मित्रराष्ट्रमध्ये नेपाललाई तीनतिरबाट वेष्टित गरेको भारतमा अङ्ग्रेजको औपनिवेशिक शासन समाप्त भई प्रजातान्त्रिक व्यवस्था बहाल रहेको तथा उत्तरी मित्रराष्ट्र चीनमा माओत्सेतुङको राज्यक्रान्ति सफल भई समाजवादी व्यवस्था स्थापित भइसकेको समय सन्दर्भसम्बद्ध परिदेशमा रचना गरिएको कथा हो । समग्र अन्तर्राष्ट्रिय परिवेशलाई आधार मान्दा यस कथा लेखनको सन्दर्भ दुई महाविनासकारी महायुद्धको परिणामस्वरूप औपनिवेशिक महाशक्तिको समाप्त भई राष्ट्रराज्यका रूपमा रहेका धेरै राज्य राजनीतिक रूपमा स्वतन्त्र भएको तथा सिङ्गो विश्व प्रजातान्त्रिक पुँजीवाद र समाजवादमा दुईध्रुवमा विभाजित भएको सामाजिक/राजनीतिक परिवेशमा रचना भएको हो । कथाको अन्त्यमा कथाकारले गरेको टिप्पणीअनुसार कथा २००७ सालको राजनीतिक परिवर्तनपूर्व नै लेखिए पनि २०१५ सालमा प्रकाशित गर्नु देशप्रतिको मेरो स्वार्थ भन्ने स्वीकारोक्तिले कथा रचनाको समयमा नेपाली समाजका देखिएको राजनीतिक विकृति र लूटतन्त्रको वास्तविकतालाई प्रस्तुत गरेको छ । तृतीयपुरुष समाख्याताका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरिएको यस कथाका अधिकतर कथनीय सन्दर्भ स्थितिवर्णनका माध्यमबाट प्रस्तुत भएका छन् । आख्यानमा समाख्यानात्मक कथनीयताभित्र कथ्यविषयमा समावेश भएका अनुभव र अनुभूति, प्रस्तुतीकरणको प्रभावकारिता तथा कथ्यमा आएका सामाजिक/सांस्कृतिक विश्वासलाई प्रस्तुत गरेको हुन्छ । कथनीयता समाख्याताले वर्णनात्मक, व्याख्यात्मक वा दृश्यात्मक ढाँचामा प्रस्तुत गरेको आधारमा विवेचना गरिने विषय रहेको छ । यस लेखमा समाख्याताको कथनका रूपमा रहेका पाठभित्रका उद्धरणका आधारमा समाख्याताको कथनीयतालाई निम्नानुसार विवेचना गरिएको छ ।

## रचनासन्दर्भगत मानवीय अनुभव र अनुभूतिको गहिराई

आख्यानमा समाख्याताको कथनीयताको तह निर्धारण गर्ने कारकका रूपमा मानवीय अनुभव र अनुभूतिको तह प्रमुख रहेको छ । आख्यानमा अनुभूतिको तह सामाजिक/सांस्कृतिक विश्वासका रूपमा स्थापित भई समाजको सदस्य रहेको व्यक्ति मानसिकतासम्म विस्तारित र सञ्चरित भएको हुन्छ । समाख्याताले प्रस्तुत गरेको ज्ञान र पाठकले लोकविश्वास र मान्यताका आधारमा निर्माण गरेका ज्ञानका बीचमा एकरूपता कायम भएमा मात्र कथनीयताको सम्प्रेषण प्रभावकारी र विश्वसनीय हुने गर्दछ । समाख्याताले यस कथामा मानवीय अनुभूतिको विषयलाई वियोगान्त स्थितिमा माध्यमबाट प्रस्तुत गरेको छ । प्रस्तुतकथाको मुख्य कथनीय विषयका रूपमा समाख्याताले २००७ सालको परिवर्तनका लागि भएको सशस्त्र क्रान्ति र र क्रान्तिको सफल अवतरणपछिको परिस्थितिलाई समावेश गरेको छ । क्रान्तिका नाममा भएका प्रतिक्रान्तिकारी र लुटपाटका गतिविधिबाट आहत बनेको सामाजिक/सांस्कृतिक सन्दर्भको प्रस्तुतिबाट समाख्याताको कथनीयता आरम्भ भएको छ ।

प्रस्तुत कथामा कथनीय विषयका रूपमा नेपालको राजनीतिक इतिहासमा जनताको सार्वभौम स्वतन्त्रता स्थापना तथा प्रजातन्त्रका लागि सञ्चालित क्रान्तिको पूर्वपीठिकामा आम नागरिकमा आएको उत्साहको चित्रण भएको छ । समाख्याताले क्रान्तिबाट प्राप्त उत्साहकै बीच क्रान्तिका नाममा अवसरवादीहरूले सञ्चालन गरेको प्रतिक्रान्तिबाट सृजित अशान्ति, लुटपाट, डकैती र आतङ्कककका कारण एकपक्षीय रणभूमिमा परिणत भएको सामाजिक सन्दर्भलाई उठान गरेको छ । शान्तिपूर्ण समाज मसानघाटमा परिणत भई विश्वलाई शान्तिको सन्देश दिने नेपाली समाजको एक अंश शोक र विषादमा डुबेको इतिहासलाई कथनीयताका रूपमा आएको छ । समाख्याताले शान्तिदूत गौतम बुद्धको जन्म र कर्मभूमिमा भएको हिंसाको नृशंसताको विषयलाई मुख्य कथनीय सन्देशका रूपमा सञ्चरण गरेको छ । यै थला (भूमि) मा एसियाको ज्योति विश्वव्यापी प्रेमको हिंसाशून्य भगवत्तत्त्व लिएर अवतीर्ण भएका थिए, जसको पुण्य परिक्रमा गर्न महान् अशोक प्रियदर्शी आएका थिए, आएर यै तीर्थमा आफ्नो दुई थोपा आँसुको अर्घ्य पनि चढाएका थिए (भिक्षु, २०३४, पृ ७३) । समाख्याताले कथाको मध्यभागमा प्रस्तुत गरेको यस उद्धरणमा कथनीयताको मूल विषय वा सन्देश अभिव्यञ्जित भएको छ । यही प्रमुख कथनीय सन्दर्भका अन्तर्यमा कथ्यकथनका अन्य विषयले पूर्णता प्राप्त गरेका छन् । यस उद्धरणको प्रस्तुतिभन्दा पूर्वाद्र्ध खण्डमा क्रान्तिका प्राप्तिसँगै प्रतिक्रान्तिकारी अभ्यासले सृजना गरेको विभत्सताको स्थितिवर्णन प्रस्तुत भएको छ । नेपाल र नेपालीको वास्तविकता शान्तिपूर्ण जीवन निर्वाहसँग जोडिनु पर्नेमा हत्याहिंसा र प्रतिशोधपूर्ण अराजनीतिक लुटतन्त्रको भत्र्सना गर्ने सन्दर्भ आएको छ ।समाख्याताको यस कथनीयतापछि उत्तराद्र्ध खण्डमा सामाजिक पर्यावरणमा छाएको भय, आतङ्क, निराशा र क्रान्तिको अवशेष समाजमा कसरी प्रसारित भएको छ भन्ने सन्दर्भसँग जोडिएको छ । यस उद्धरणमा सामाजिक रूपान्तरणका लागि क्रान्तिको आवश्यकता रहे पनि क्रान्तिको चक्र/कार्य सम्पन्न भएपछि देखा पर्ने राजनीतिक तरलतामा अवस्थित सामाजिक सङ्क्रमणको अवस्था स्थितिवर्णनका माध्यमबाट प्रस्तुत भएको छ । सङ्क्रमणकालीन राजनीतिक तरलताको फाइदा उठाई क्रान्तिको मर्म विपरीत सञ्चालित अपराधिक क्रियाकलाप र तिनले सिर्जना गरेका सामाजिक अव्यवस्थाले निर्माण गरेको कारुणिक स्थितिको प्रस्तुति भएको छ ।

प्रस्तुत कथामा समाख्याताले सामाजिक रूपान्तरणको इतिहासमा प्रजातन्त्र प्राप्तिको सुरुचिपूर्ण इतिहासलेखन र पठनमा उल्लेख नभएका क्रान्तिका अभ्यन्तरित पक्षलाई कथनीयताका रूपमा चयन गरेको छ । इतिहासको अभ्यन्तरित पक्ष नै कथाको कथ्यविषय रूपमा प्रस्तुत भई शान्तिक्षेत्रमा अशान्तिपूर्ण वातावरण प्रस्तुतिको केन्द्रमा आएको छ । समाख्याताले सङ्क्रमणकालीन राजनीतिक व्यवस्थामा क्रियाशील अवसरवादी अपराधिक समूहले राजनीतिक तरलताको फाइदा उठाई क्रान्तिका नाममा सञ्चालन गरेको अराजनीतिक र आपराधिक क्रियाकलापका कारण आहत बनेको समाज र सिङ्गो सामाजिक संरचनामा फैलिएको आतङ्कलाई प्रस्तुत गरेको छ । यस कथामा मानवीय स्वतन्त्रता र प्रजातन्त्रको वास्तविकतालाई बुझेर वा नबुझेरै पनि क्रान्ति र परिवर्तनका लागि अग्रसर बनेका अनेकौं क्रान्तिकारीहरू क्रान्तिको विषय ज्ञात/अज्ञात अवस्थामा रहँदै क्रान्तिप्रति समर्पित भएको तथ्य प्रस्तुत भएको छ । क्रान्तिले ल्याउने परिवर्तनबाट आम नागरिकले अनुभव गर्ने सबै प्रकारका स्वतन्त्रताको अनुभूतिका बीच स्थिति प्रतिकूल हुँदा मान्छेका मानसिकतामा आउने आश्चर्य र विषाद् मिश्रित अनुभूतिको अवस्था सृजना भई क्रान्ति र परिवर्तनप्रतिको व्यक्तिगत र सामाजिक दृष्टिकोण नै परिवर्तन भएको कथनीयतालाई मानवीय अनुभव, र अनुभूतिका अन्तर्यमा प्रस्तुत भएको छ ।

प्रस्तुत कथाको समाख्याताले कथनीयतालाई दुई फरक सन्दर्भका माध्यमबाट प्रस्तुत गरेको छ । इतिहासले विजेता र जित्ने पक्षको पृष्ठपोषण यथासक्य अधिक उपमासहित प्रस्तुत गर्ने तथा जितलाई प्राथमिक मान्दा त्यसैसँग जोडिएका अँध्यारा पक्षलाई वेवास्ता गर्ने प्रचलन रहेको छ । इतिहासलेखनको यही कमजोरीका कारणसमाजका कतिपय वस्तुता र वास्तविकता सप्रमाण हराई समाजको वास्तविकता नष्ट भएको छ । इतिहासमा भएका ती विषयलाई प्रकाशमा ल्याउने चासो कसैमा नदेखिँदा मानवीय संवेदना निराकार रूपमै समाप्त हुने विषयलाई प्रस्तुत गरेको छ । इतिहासमा उल्लेख नगरिएका र कसैले प्रकाशमा ल्याउन नचाहेका अनेकौं घटना र यथार्थ मानवीय संवेदनासँग जोडिएका विषय इतिहासको गर्भमै रहेका र समयको परिवर्तनसँगै नामेट भएका छन् । समाख्याताले परिवर्तनका लागि स्वयंलाई समर्पित गरेका व्यक्ति र समाजको वास्तविकतालाई कथामा यसप्रकार प्रस्तुत गरेको छ ।

अनि, यै क्रममा एकदिन रेडियोले 'सीजफायर' (लडाइँबन्दी) को घोषण गर्‍यो । फेरि मन्त्रीमण्डल बनेको सूचना र नेपालमा प्रथम प्रजातन्त्र राज्यको स्थापना भएको खबर पनि सुनियो । तर यहाँ भने न त लडाइँ बन्द भयो, न स्वतन्त्रताको कसैले स्वागत गर्‍यो । त्यस इलाकामा स्वतन्त्रताको नाममा ... ... ... । राणाको गुलामी छुटेको महान् सन्देशलाई आमाबाबुबाट सँधैका निम्ति छुटेका टुहुराहरू, पतिबाट छुटेका विधवाहरू, निर्दोष भावहीन अनुहारहरू आफ्नो रातो आँसुले सुनाइरहेका थिए । (ऐ, ७२))

समाख्याताले यस उद्धरणमा इतिहासले नदेखेको तर समाजले प्रत्यक्ष भोगेको घटनालाई मानवीय संवेदना र विश्वाससँग जोडी कथाको कथनीयताको विषय बनाएको छ । नेपालमा राणाशासनको अन्त्यका लागि सशस्त्र क्रान्ति मुख्य कारक रह्यो । क्रान्तिमा अनेकौं बालक अनाथ, कैयौं नारी विधवा, कयौं नारी–पुरुष सहिद, कैयौं घरवारविहीन तथा कैयौं अपाङ्ग भए । क्रान्ति सफल भई विजेताका रूपमा विद्रोही सत्तासीन भए । सङ्घर्षका क्रममा एक दृष्टिकोण र शासकीय विचारधाराबाट समाज बन्धनमुक्त भयो । आमनागरिक विजयोत्सवमा सहभागी भएका कारण क्रान्तिलाई सफलताका रूपमा परिभाषित गरियो । समाख्याताले कथनीयतालाई विस्तार गर्ने क्रममा क्रान्तिको उपलब्धिका पछाडि अवशिष्ट त्याग, समर्पण गरेका तथा क्रान्तिमा गुमाएकाहरूको इतिहास लेखिएन र लेख्ने प्रयत्न पनि नगरिएको सन्दर्भलाई मानवीय अनुभूति र संवेदनासँग जोडेर प्रस्तुत गरेको छ । समाख्याताले क्रान्तिको सफलता प्राप्ति र सुखान्त अवतरणसँगै अभ्यन्तरमै रहेको निष्प्रभावी विषयका रूपमा रहेको बलिदान र सङ्घर्षबाट सम्पृक्त इतिहासको कारुणिक अनुभूतिलाई यसप्रकार प्रस्तुत गरेको छ ।

कुन्नि कुन अलक्षित अन्तरचेतनाले हो कुरा सुन्दा नसुन्दै उसको (प्रभाको) आँखा आफ्नो चुरा नभएको रित्तो हातमा गयो र एकपटक उसको दृष्टि श्रृङ्गाररहित आङमा लाएको सेतो सादा लुगामा दगुर्‍यो । संसारभरिको अचम्म–आघात एकत्रजस्तो हुन आए । उसको खुट्टामुनिबाट भुइँ खस्कन लागेझैं भयो । र कुनै विराट् सर्वनाश–प्राप्त कुनै महाभयङ्कर विश्वाशघात–प्राप्तजस्तो भई तत्क्षणै रक्तहीन, सेतो अनुहार हुन गएकी प्रभाको मुखबाट ज्ञान, विवेकरहित हत्बुद्धि ध्वनिमा यतिमात्र निस्क्यो '...हँ ???' । (ऐ.७५–७६)

समाख्याताले यस उद्धरणमा क्रान्तिमा महत्त्वपूर्ण चीज गुमाउनेमा प्रभा एउटी प्रतिनिधि मात्र मात्र हो, प्रभाजस्ता कयौं जवान युवतीले क्रान्तिको उपलब्धिका रूपमा वैधव्य र टुहुरा सन्तान पाएकी छ । आफ्ना सामु बलात्कार भएका कैयौ किशोरी र युवतीको पीडा महसुस गर्न पाएकी छ । क्रान्तिका नाममा भएका कार्यले आहत भएका मानिसका मानसिकतामा अव्यक्त रूपमा रहेका पीडाले संवेदनशील तुल्याएको सामाजिक स्थिति पाएकी छ । यसका अतिरिक्त संवेदनाहीन बनेको सामाजिक संरचनामा आँसु र विस्मयलाई सँगै ग्रहण गर्नुपर्ने स्थितिको सूक्ष्म प्रस्तुति कथनीयताका रूपमा भएको छ ।

## प्रस्तुतीकरणको प्रभावकारिता

आख्यानमा समाख्याताले कथ्य विषयलाई कसरी प्रस्तुत गरेको छ भन्ने पक्षमा केन्द्रित रहने प्रस्तुतीकरणको प्रभावकारितामा कथनको प्रस्तुतिलाई हेरिन्छ । समाख्याताले कथ्य विषयलाई प्रभावकारी तुल्याउनका लागि व्याख्यात्मक, विश्लेषणात्मक वा नाटकीय ढाँचा अवलम्बन गरेको हुन्छ । प्रस्तुत नयाँ इतिहासको प्रारम्भ कथामा समाख्याताले कथ्य विषयको प्रभावकारितालाई स्थितिवर्णनका माध्यमबाट प्रस्तुत गरेको छ । समाख्याताले कथामा आएका घटनाको श‍ृङ्खला र तिनको कार्यकारण सम्बन्धलाई तत्त्वद्रष्टाका रूपमा वर्णन गरेको छ । नेपाली राजनीतिक इतिहासमा राणाहरूको हुकुमी शासन र आम नेपालीलाई स्वतन्त्रता दिई देशमा प्रजातन्त्रको स्थापना गर्ने उद्देश्यबाट नेपाली काङ्ग्रेस नामक राजनीतिक पार्टी स्थापना भएको यथार्थ हो । नेपाली राजनीतिक इतिहासमा काङ्ग्रेस पार्टीले शान्तिपूर्ण आन्दोलनको बाटोबाट राणाहरूलाई परास्त गर्न नसक्ने ठानी स्वदेश र प्रवासमा रहेका स्वतन्त्रताका पक्षधरहरूको फौजीदस्ता तयार गरी देशलाई राणाशासनबाट मुक्ति दिने अभियानका रूपमा सशस्त्र क्रान्ति सञ्चालन गरेको हो । देशका विभिन्न स्थानबाट राणा सरकारका सुरक्षा निकाय र सरकारी खजानामा एकैपटक हमला गरेर सञ्चालन गरेको सशस्त्र क्रान्ति तथा उक्त सशस्त्र क्रान्तिको समर्थनमा भएका शान्तिपूर्ण विरोधका कार्यक्रममा आम नेपालीले सक्रिय सहभागिता जनाएका हुन् । क्रान्तिलाई सफल तुल्याउन सक्रियतापूर्वक सहभागिता जनाएका पात्रको जीवनमा क्रान्तिले ल्याएको स्वतन्त्र वातावरणबाट सँगै त्यसको अँध्यारो पक्षका रूपमा रहेको भयानक लुटतन्त्रको मारमा परेका नागरिकको वास्तविकता अझ भनौं स्वतन्त्रता प्राप्तिको उत्साहसँगै प्रियजन गुमाउनु पर्दाको पीडा एकसाथ प्रस्तुत भएको छ । समाख्याताले प्रजातन्त्र प्राप्तिका लागि भएको क्रान्तिको प्रज्वलित दीपको अभ्यन्तरमा रहेको कालो छाया अनुभव गरेका नागरिकको पीडा र तिनले भोग्नु परेको विषयलाई वर्णनात्मक रूपमा प्रस्तुत गरेको छ । क्रान्तिकालमा आम जनजीवन कष्टकर बन्नु अस्वाभाविक होइन तथापि क्रान्तिकै नाममा स्वयंलाई क्रान्तिकारी दाबी गरी समाजलाई लुट्ने र क्रान्तिलाई अपमानित गर्ने अपराधिक समूहको कार्यले आहत बनेका नागरिकको क्रान्ति र परिवर्तनप्रतिको विश्वास खण्डित भएको विषयलाई समाख्याताले वर्णनात्मक ढाँचामा प्रस्तुत गरेको छ । समाज रूपान्तरणका लागि सञ्चालन गरिने प्रत्येक प्रतिरोधी क्रान्तिका लागि तत्पर रहेका नेपालीको परिवर्तनप्रतिको प्रतिबद्ध सहभागिताले निर्माण गरेको उत्साहपूर्ण वातावरणलाई विथोल्ने प्रतिक्रान्तिकारी अपराधिक समूहको कार्यले परिवर्तन र प्रजातन्त्रप्रतिको विश्वास विश्मयमा परिणत भएको कथ्य विषय वर्णनात्मक ढाँचामा कथनीयताअन्तर्गत समेटिएका छन् ।

प्रस्तुत कथामा समाख्याताले विषयको प्रस्तुति स्थितिवर्णनका माध्यमबाट गरेको छ । पाठसंसारमा घटेका घटना, सहभागी, तिनको भूमिका, विचार आदिका बारेमा जानकार रहेको समाख्याताले कथाको आरम्भबाटै स्थितिवर्णनलाई प्रस्तुतिको माध्यम बनाएको छ । क्रान्ति र परिवर्तनप्रतिको आम नेपालीको चाहनाका कारण सर्वसाधारणमा जागृत भएको विद्रोह र त्यसले निर्माण गरेको उत्साहका कारण आम नागरिक सडकमा विरोधका लागि सहभागी भएका छन् । क्रान्तिले सृजना गर्ने परिवर्तनको मार्ग नै समुन्नत नेपाली समाजको प्रस्थानविन्दु रहेको ज्ञान भएर तथा नभएर पनि नेपाली जनता सडकमा आएको तथा उक्त मानव भीडले स्वतन्त्रतालाई अन्तर्यमा राखेको विषयलाई समाख्याताले कथ्यकथनका रूपमा प्रस्तुत गरेको छ । 'वीर विश्वेश्वर जिन्दाबाद, नेपाल देश हो आजाद !' सहस्रौं नर–कण्ठबाट निस्केको ध्वनिले पुलिसवालाको लठ्ठी, बन्दूक, सङ्गीनको आतङ्कलाई पनि नाघी, वायुमण्डललाई गुञ्जायमान गरिदियो (ऐ. ६९) । परिवर्तनको चाहना र क्रान्तिप्रति आम जनमानस मानसिक रूपमा तयार भई क्रान्तिका लागि तत्पर भइसकेको स्थितिलाई सङ्क्षिप्त रूपमा यस उद्धरणले प्रस्तुत गरेको छ । राणाशासकप्रतिको वितृष्णासँगै २००७ सालको राजनीतिक परिवर्तनका लागि आम जनमानसको मानसिकता कस्तो थियो भन्ने पक्षका बारेमा समाख्याताको कथनीयतालाई प्रस्तुत गर्ने प्रवेश विन्दुको रूपमा रहेको छ भने यही उद्धरणबाट कथाको आरम्भ पनि भएको छ । समाख्याताले क्रान्ति वा परिवर्तनको विषय एक व्यक्ति वा एउटा निश्चित समुदायले सार्थक बनाउने विषय नभई यसका लागि आम नागरिकको समान दायित्व र सहभागिता अनिवार्य र अपरिहार्य रहने विषयलाई संश्लेषित रूपमा यस उद्धरणमार्फत् प्रस्तुत गरेको छ । समाख्याताले आम नेपालीहरू क्रान्तिका लागि तयार रहेको क्रान्तिनायकका रूपमा राणाको कैदमा रहेका विश्वेश्वरको स्थान उच्च रहेको, एउटा जनताको छोरो देशमा प्रजातन्त्र स्थापना र जहानियाँ हुकुमी शासनको अन्त्यका लागि संवाहक बनेको स्थितिवर्णनलाई प्रस्तुत गरेको छ । यसका अतिरिक्त जुलुसमा सहभागीमाथि सरकारी धरपकड र दमनलाई बेवास्ता गरी आम नागरिक विद्रोहका लागि तत्पर रहेको, शान्तिपूर्ण आन्दोलनसँगै सशस्त्र आन्दोलनले पनि अग्रगति र विस्तार पाइरहेको विषय र घटना कथनीयतासम्बद्ध भई आएका छन् ।

पाठसंसारका घटना र कार्यको प्रत्यक्षदर्शी समाख्याताले कथामा राजनीतिक परिवर्तन र क्रान्तिको पक्षधर रहेका नागरिकहरू जहानियाँ शासनको पतन र नयाँ जनताको शासनका रूपमा प्रजातन्त्रको स्वागत गर्न इच्छुक र आतुर रहेको कथनीयता प्रस्तुत गरेको छ । समाज

रूपान्तरणका लागि क्रान्तिसँगै अवसरवादीहरूको प्रतिक्रान्ति पनि सक्रिय रहने अवस्थामा क्रान्तिका सकारात्मक मात्र नभई अँध्यारा पक्ष पनि हुने कथनीयता कथ्यविषयका रूपमा आएको छ । प्रतिक्रान्तिकारी त्यस्ता अँध्यारोबाट पीडित बनेका आममानिसको इतिहास विजय र प्राप्तिको इतिहासले ढाकिदिने हुनाले विजयको मात्र नभई विजय प्राप्त गर्दा गुमाएका विषयलाई पनि इतिहास लेखनसँग जोड्नुपर्ने समाख्याताको आशय रहेको छ । जबसम्म प्राप्तिसँगै अप्राप्तिको विषयलाई जोडेर इतिहासको निर्माण हुन्छ तबमात्र इतिहास लेखनले वास्तविक स्वरूपसहित उचाइ प्राप्त गर्ने विषय कथनीयतासँग जोडिन पुगेको छ । समाख्याताको इतिहास लेखनको अँध्यारो पक्षतर्फ आकर्षित भएको अभीष्टबाट प्रेरित भई कथ्यलाई क्रान्तिको सफलताबाट पृथक् गरी इतिहासको अभ्यन्तरीय पक्षतर्फ कथनीयतालाई मोडेको छ । क्रान्तिकारीहरूले देशका विभिन्न भू–भागमा विजय प्राप्त गरी जनताको सरकार गठन, जनताले चौतर्फी रूपमा शान्ति–सुरक्षा, अमनचैन प्राप्त गर्ने विषयमा दृढविश्वास रहेकी प्रभा जस्ता पात्रमा क्रान्तिप्रदत्त केही अपवाद रहेका छन् । क्रान्तिको उद्देश्य परिवर्तन हुने र परिवर्तनले सबै प्रकारमा असामाजिक विषयलाई अन्त्य गर्ने विश्वासका विपरीत भएका अराजनीतिक गतिविधिले समाज र सामाजिक संरचनालाई नै ध्वस्त गरेको र परिवर्तनप्रतिको विश्वास विश्मयमा परिणत भएको छ ।

प्रस्तुत कथामा समाख्याताले सङ्क्रमणकालीन राजनीतिक अवस्थामा सामाजिक संरचनामा भएका अराजक र अपराधिक गतिविधिले सृजना गरेको विभत्सता र उक्त विभत्सताबाट सिर्जना भएको कारुणिक परिस्थितिको चित्रण गरेको छ । राणाविरोधी आन्दोलनको विजयपताका सहित अवतरण भई नयाँ मन्त्रीमण्डलको सदस्यमा जनपक्षीय नेता गद्दीसीन भइसकेपछि पनि दिल्ली सम्झौता धोका हो भनेर प्रतिक्रान्तिकारी सक्रिय रहेको विषय कथ्यका रूपमा आएको छ । प्रतिक्रान्तिकारीको नेतालाई रोक्न र गिरफ्तार गर्न असक्षम रहेको प्रजातान्त्रिक सरकारको सहयोगका लागि भारतबाट सेना आएको र ती नेतालाई गिरफ्तार गरी काठमाडौं लगिएको विषयलाई साङ्केतिक रूपमा प्रस्तुत भएको छ । प्रतिक्रान्तिकारी समूहले आफूलाई वास्तविक क्रान्तिकारी रहेको उद्घोष गरी क्रान्तिका नाममा सिङ्गो समाजलाई आतङ्कित तुल्याउने अपराधिक समूह सक्रिय बनेको वास्तविकता प्रस्तुत भएको छ । समाख्याताले अपराधिक समूहको साङ्घातिक हमलाबाट गाउँमा सबै उमेर समूहका मानिस प्रभावित भएको स्थितिलाई वर्णनात्मक रूपमा प्रस्तुत गरेको छ । क्रान्तिका नाममा नेपालका अनेकौं गाउँ देशमा प्रजातन्त्र स्थापना गर्ने सन्दर्भमा लुटिएका छन् । जहाँका सबै उमेर समूहका नारीहरूको अस्मिता लुटिएको छ, जहाँका नारीका पतिको हत्या गरी विधवा तुल्याइएको छ । ती स्थानका वालवाालिका अनाथ छन्, जहाँका नागरिक आफ्नो सम्पत्ति लुटिएर अकालको सामना गर्ने स्थितिमा पुगेका छन् । इतिहासले विजयको उन्मादसँगै बेवास्ता गरेका त्यस्ता स्थान, व्यक्ति, समुदाय आदिले राजनीतिक परिवर्तनका लागि पुर्‍याएको योगदान नेपाली राजनीतिक इतिहासमा उपेक्षित रहेको विषय समाख्याताको कथनीयताका रूपमा प्रस्तुत भएको छ ।

## सामाजिक सांस्कृतिक सन्दर्भ

आख्यान रचनामा वैधता र विश्वसनीयताको विशेष स्थान रहने गर्दछ । कथ्यकथनका क्रममा समाख्याताले चयन गरेको परिवेशमा विद्यमान रहेका सामाजिक ज्ञान र लोकविश्वासको विषयलाई सामाजिक संस्कृतिनिष्ठ प्रस्तुत गरेमात्र उक्त आख्यानको वैधता र विश्वसनीयता प्रभावकारी हुने गर्दछ । प्रस्तुत कथाको समाख्याताले कथ्यविषयको निर्माणका क्रममा क्रान्तिकारी भनिने तथाकथित समूहको मानवीय संवेदनासँग कुनै सम्बन्ध नरहने सामाजिक यथार्थलाई प्रस्तुत गरेको छ । समाख्याताले समाजमा शासकीय स्वरूप र व्यवस्था परिवर्तनका क्रममा हुने तरलतालाई आफ्नो लाभ र स्वार्थका लागि प्रयोग गर्ने समूहको कार्यबाट आहत बनेको समाजको वास्तविकता रहस्यमै सीमित रहेको यथार्यलाई कथनीयताका रूपमा प्रस्तुत गरेको छ ।

गाउँका अल्लारे ठिटीहरूका कुमारीत्व, बुहारीहरूको लज्जा, छाप्रोमा घुसारेका, सन्दूकमा राखेका नोट, माटाका 'डेहेरी'हरूमा राखिएका अन्न सबथोक ! आसपासका गाउँहरूका् चोर, बदमास र अराजकताको हावा पाएर भारततिरबाट आएका डाँकू–गुन्डाहरू साथै, ठाउँ–ठाउँका झ्यालखानबाट फुक्का भइरहेका भयानक अपराधीहरूका् उत्सव हुनथाल्यो । ती त्यस समूहमा 'जनता' कहलाउँथे र यिनीहरूले गरेको सबैथोक क्रान्ति ! जम्मै लूटको माल सम्पत्तिको 'क्रान्तिको खर्च' को रूपमा त्यस समूहका व्यक्तिहरूको आफ्नो दैनिक आमदानी भएर क्रान्तिकालको यो 'आम लूट' र साथै 'कत्लेआम' थियो । (ऐ.७४) ।

नेपाली राजनीतिमा पर्दापछाडि घटेको घटना र यस घटनामा रहेको यथार्थ सामाजिक इतिहासका कहिल्यै उल्लेख नभएको विषय हो । राणाशासनको अन्त्यका लागि काङ्ग्रेसले सशस्त्र क्रान्ति गरेको ऐतिहासिक यथार्थको इतिहासमा नेपालका ग्रामीण इलाकामा भएका मानवीय संवेदनारहित यस प्रकारका घटना घटित भएको यथार्थ हो । कतिपय घटनालाई राजनीतिक स्वरूप दिई अपराधीलाई आममाफी दिएको विषय पनि यथार्थ हो । नेपाली समाजले प्रत्यक्ष अनुभव गरेको र व्यहोरेको यो र यस्तै अपराधिक कार्यलाई क्रान्तिको सफलताका नाममा दिइएको आममाफीका कारण आहत नेपालीको मानसिकता र समाजको यथार्थ समाख्यातामार्फत् प्रस्तुत भएको छ । समाख्याताले आपराधिक मनोवृत्ति भएका स्वार्थसमूहको कार्यका कारण आतङ्कित भएको समाजलाई राहतका रूपमा आश्वासनसमेत नदिने सरकारको कार्य निन्दनीय रहेको कथनीयता प्रस्तुत गरेको छ । यसका अतिरिक्त समाख्याताले सामाजिक विश्वासलाई भङ्ग गरी सत्तासीन भएका राजनीतिज्ञले ती गुमाएकाहरूको वास्तविकतालाई नदेखेको र तिनीहरूको त्याग इतिहासबाट विलीन भएको कथनीयतालाई वर्णनात्मक ढाँचामा प्रस्तुत गरेको छ ।

## निष्कर्ष

कथाकार भवानी भिक्षु आधुनिक नेपाली कथामा मनोवैज्ञानिक यथार्थलाई आख्यानीकरण गर्ने स्रस्टा हुन् । तराईको समाजमा विद्यमान जनजीवन र जनजीविकालाई कथ्यविषयका रूपमा चयन गरी आख्यानात्मक पूर्णता दिने भिक्षुका कथा घटना चरित्र दुबै स्वरूपका रहेका छन् । प्रस्तुत कथा २००७ सालको जनक्रान्तिको अँध्यारो पक्षलाई आख्यानीकरण गरिएको कथा हो । भिक्षुका कथाका बारेमा विभिन्न सिद्धान्तसापेक्ष मात्रामा अध्ययन र अनुसन्धान भएका छन् । आख्यानशास्त्रीय सिद्धान्तका आधारमा यिनका कथाको अध्ययन भए पनि समाख्यानशास्त्रीय सिद्धान्त र यसका मानकका आधारमा अध्ययनको रिक्तता रहेको छ । नयाँ इतिहासको प्रारम्भ कथालाई आधार सामग्रीका रूपमा चयन गरिएको यस लेखलाई निष्कर्षमा पुर्‍याउन पाठविश्लेषण केन्द्री गुणात्मक अनुसन्धान ढाँचा तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । अध्ययनको सैद्धान्तिक पर्याधारका रूपमा समाख्यानशास्त्र अन्तर्गतको कथनीयताको सिद्धान्तलाई उपयोग गरिएको छ । समाख्यानात्मक कथनीयता समाख्यानशास्त्रअन्तर्गत कृतिविश्लेषणको एउटा मानक रहेको छ । आख्यानात्मक पाठको विश्लेषण गर्ने यस कथनीयताको सैद्धान्तिक अवधारणा निर्माणका लागि पोलोनी, ल्याबोव, ब्रुनर, हन जस्ता सिद्धान्तकारको योगदान रहेको छ । आख्यानात्मक पाठमा समाख्याताले कथ्यविषयलाई प्रस्तुत गरेको विषयभित्र सामाजिक/सांस्कृतिक रूपमा स्थापित रहेका लोकविश्वास, ती लोकविश्वास सम्बद्ध मानवीय अनुभव, सामाजिक ज्ञानका विषयलाई परिभाषित गर्ने समुदायको अनुभूति जस्ता आधारमा आख्यानको विश्लेषण गर्ने अवधारणा नै कथनीयता हो । समाख्याताले स्वकथनात्मक र परकथनात्मक ढाँचामा कथ्यविषयलाई प्रस्तुत गरेको हुन्छ । कथनीयताको विषयअन्तर्गत आउने स्वकथनात्मक कथनीयतामा कथ्यविषयको प्रस्तुति वर्णनात्मक र व्याख्यात्मक रूपमा आएका हुन्छन् । परकथनात्मक कथनीयता आख्यानमा संवादका माध्यमबाट प्रस्तुत भएका हुन्छन् । समाख्याताले प्रस्तुत गरेको स्वकथनात्मक कथनीयतामा अधिकतर घटना, सन्दर्भ र विषयको प्रस्तुति स्थितिवर्णनका माध्यमबाट भएका हुन्छन् । प्रस्तुत कथामा मानवीय अनुभूति र अनुभवको विषय मानव स्वतन्त्रता र प्रजातन्त्रको वास्तविकतासँग जोडिएको छ । समाख्याताले क्रान्तिको विषय बुझेर वा

नबुझेरै परिवर्तनका लागि अग्रसर बनेका अनेकौं क्रान्तिकारीहरू क्रान्तिप्रति समर्पित भएको तथ्य प्रस्तुत भएको छ । समाख्याताले क्रान्तिले ल्याउने परिवर्तनबाट आम नागरिकले अनुभव गर्ने सबै प्रकारका स्वतन्त्रताको अनुभूतिका बीच स्थिति प्रतिकूल हुँदा मान्छेका मानसिकतामा आउने आश्चर्य र विषाद् मिश्रित अनुभूतिको अवस्था सृजना भएको अवस्थालाई प्रस्तुत गरेको छ । समाख्याताले क्रान्तिमा प्रतिक्रान्तिको प्रहारलेराजनीतिक परिवर्तनप्रतिको व्यक्तिगत र सामाजिक दृष्टिकोण नै परिवर्तन भएको कथनीयतालाई मानवीय अनुभव, र अनुभूतिका अन्तर्यमा प्रस्तुत गरेको छ । प्रस्तुत कथामा कथ्यविषयको प्रभावकारितालाई स्थितिवर्णनका माध्यमबाट प्रस्तुत गरेको छ । समाख्याताले कथामा आएका घटनाको शृङ्खला र तिनको कार्यकारण सम्बन्धलाई तत्त्वद्रष्टाका रूपमा वर्णन गरेको छ । नेपाली राजनीतिक इतिहासमा राणाहरूको हुकुमी शासन र आम नेपालीलाई स्वतन्त्रता दिई देशमा प्रजातन्त्रको स्थापना गर्ने उद्देश्यबाट नेपाली काङ्ग्रेस नामक राजनीतिक पार्टी स्थापना भएको हो । नेपाली राजनीतिक इतिहासमा काङ्ग्रेसले शान्तिपूर्ण आन्दोलनको बाटोबाट राणाहरूलाई परास्त गर्न नसक्ने ठानी स्वदेश र प्रवासमा रहेका स्वतन्त्रताका पक्षधरहरूको फौजीदस्ता तयार गरी देशलाई राणाशासनबाट मुक्ति दिन सशस्त्र क्रान्ति सञ्चालन गरेको हो । यही क्रान्तिलाई असफल तुल्याउन चालिएको प्रतिक्रान्तिकारी कदमलाई वर्णनात्मक ढाँचामा समाख्यानात्मक कथनीयता प्रस्तुत भएको छ । तरल राजनीतिक परिवेशमा नेपाली समाजले प्रत्यक्ष अनुभव गरेको र व्यहोरेको अपराधिक कार्यलाई क्रान्तिको सफलताका नाममा दिइएको आममाफीका कारण आहत नेपालीको मानसिकता र समाजको यथार्थ कथनीयताका रूपमा प्रस्तुत भएको छ । समाख्याताले आपराधिक मनोवृत्ति भएका स्वार्थसमूहको कार्यका कारण आतङ्कित भएको समाजलाई राहतका रूपमा आश्वासनसमेत नदिने सरकारको कार्य निन्दनीय रहेको कथनीयता प्रस्तुत गरेको छ । सारतःसामाजिक विश्वासलाई भङ्ग गरी सत्तासीन भएका राजनीतिज्ञले गुमाएकाहरूको वास्तविकता बोध नगरेको तथा तिनीहरूको त्याग इतिहासबाट विलीन भएको कथनीयतालाई वर्णनात्मक ढाँचामा प्रस्तुत गरेको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, कुमारप्रसाद (२०६७). 'भवानी भिक्षुको कथाकारिता'. समकालीन साहित्य, पूर्णाङ्क-६० पृ. ५५-६५ ।

ज्ञवाली, कमला (२०६१). 'भवानी भिक्षुका कथाको विश्लोण'.सम्प्रेषण, वार्षिक अङ्क –१, पृ । ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे (२०६१). (सम्पा.). नेपाली कथा भाग–३, (तेस्रो संस्क.) साझा प्रकाशन । ।

भिक्षु, भवानी (२०३४). अवान्तर, साझा प्रकाशन ।।

भूसाल, राजु (२०७७).भवानी भिक्षुका कथामा सांस्कृतिक प्रभुत्व, अप्र. दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग ।

शर्मा, हरिप्रसाद (२०६७).कथाको सिद्धान्त र विवेचन, (दोस्रो संस्क.). साझा प्रकाशन २०६७ ।

Baroni, R. (2009). ”Tellability”. *In the handbook of narratology*,Peter, H., J. payar, W. Smid J. Skonert (edt.), Walter de Gruiter. https://doi.org/10.1515/9783110217445.447

Bruner, J. (1991). ’The narrative construction of reality. *Critical inquarary*,-18, pp. 1-21.https://doi.org/10.1086/448619

Hun, P. (2008). ”Function forms of eventfulness in narrative fiction”. In *Theorizing narrativity*. J. Pire J. A. Garsia Linda (edt.), Walter de Gruiter, Pp. 241-63.

Labov. B. (1972). *Language in the inner city*,University of Pennsylvania press.

Poloni, L. (1979). ’So what’s the points’. *simotica*-25, 207-41.https://doi.org/10.1515/semi.1979.25.3-4.207

Ryan. M. L. (2005).*Possible words, artificial intelligence narrative theory*,Indiana university press.

Ryan. M. L. (2005). ”Tellability”.*Routledge Encyclopedia of Narrative Theory*,Herman, D. Manfred Jahn and Marie-Laure Ryan. (Edt.). Routledge publication.